# लो-घेकर दामोदरकुण्ड गाउँपालिका

## गाउँपालिका आयोजना व्यवस्थापन रकम (कन्टेन्जेन्सी रकम) खर्च सम्वन्धी कार्यविधि, २०७५

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चराङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

२०७५

## गाउँपालिका आयोजना व्यवस्थापन रकम (कन्टेन्जेन्सी रकम) खर्च सम्वन्धी कार्यविधि, २०७५

**प्रस्तावना :**

लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको गाउँसभाबाट आर्थिक वर्षको लागि पारित भएका योजना तथा कार्यक्रमको आयोजना व्यवस्थापन रकम (कन्टेन्जेन्सी रकम) खर्च गर्नको लागि गाउँ कार्यपालिकाबाट मिति २०७५।०१।२८ मा स्वीकृत भई यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम गाउँपालिका आयोजना व्यवस्थापन रकम (कन्टेन्जेन्सी रकम) खर्च सम्वन्धी कार्यविधि, २०७५ हुनेछ ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति २०७५ वैशाख २८ गते देखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) 'आयोजना' भन्नाले गाउँपालिकाको गाउँसभाबाट आर्थिक वर्षको लागि पारित सबै खाले योजनाहरु सम्झनुपर्छ ।

ख) 'कार्यक्रम' भन्नाले गाउँपालिकाको सोंच, नीति तथा योजना भित्रको क्रियाकलाप सम्झनुपर्छ ।

ग) 'कन्टेन्जेन्सी रकम' आयोजना व्यवस्थापन सम्वन्धी कार्यमा खर्च गर्न आवश्यक रकम सम्झनुपर्छ ।

घ) 'योजना सम्झौता' यस गाउँसभाबाट पारित योजना तथा कार्यक्रम कार्यान्वयनका लागि कार्यान्वयन गर्ने पक्षले गाउँ कार्यपालिकाको कार्यालय सँग गर्ने योजना सम्झौतालाई सम्झनुपर्छ ।

ङ) 'प्राविधिक' भन्नाले गाउँ कार्यपालिका तथा वडा कार्यालयमा कार्यरत इन्जिनियरिङ सेवाका ओभरसियर, सव इन्जिनियर तथा इन्जिनियरलाई सम्झनुपर्छ । सो शब्दले अन्य सरकारी कार्यालयमा कार्यरत इन्जिनियरिङ सेवाका ओभरसियर, सव इन्जिनियर तथा इन्जिनियर र निजीस्तरमा कार्यरत नेपाल सरकारबाट इन्जिनियरिङ सम्वन्धी लाइसेन्स प्राप्त व्यक्तिलाई सम्झनुपर्छ ।

च) 'प्राविधिक स्टीमेट' प्राविधिकले गरेको योजना तथा कार्यक्रमको स्टीमेट सम्झनुपर्छ ।

छ) 'अनुगमन समिति' भन्नाले गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा गाउँस्तरमा योजना तथा कार्यक्रम अनुगमन गर्नको लागि गठन हुने अनुगमन समितिलाई सम्झनुपर्छ ।

ज) 'जनसहभागिता' भन्नाले योजना सञ्चालन हुने क्षेत्रका स्थानीय जनताबाट योजनाको लागि गरिएको श्रम तथा नगद सहयोग सहभागितालाई सम्झनुपर्छ ।

झ) 'सुपरभाइजर' भन्नाले योजनाको समग्र व्यवस्थापनको लागि नियुक्ति गरिएको फिल्ड कर्मचारी, अन्य 'कर्मचारी तथा सहयोगी' भन्नाले योजनाको व्यवस्थापनमा सहयोग गर्ने अन्य कर्मचारी तथा सहयोगीलाई सम्झनुपर्छ ।

ञ) 'उपभोक्ता समिति' भन्नाले योजनाबाट प्रत्यक्ष अप्रत्यक्ष लाभ पुग्ने स्थानीय जनताको आम भेलाबाट गठित उपभोक्ताको समितिलाई सम्झनुपर्छ ।

ट) 'गाउँपालिका' भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकालाई सम्झनुपर्छ ।

ठ) 'गाउँसभा' भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

ढ) 'गाउँ कार्यपालिका' भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

ड) अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, वडा समिति, प्रमुख प्रशासकीय अधिकृत, वडा सचिव, लेखा प्रमुख' लगायत अन्य प्रचलित शब्दहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनमा परिभाषित गरेअनुसार हुनेछ ।

**२. कन्टेन्जेन्सी रकम तोक्ने :**

२.१ लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको गाउँसभाबाट पारित भएका योजनाहरुको लागि आयोजना व्यवस्थापन सम्वन्धी खर्च गर्न गाउँ कार्यपालिकाले पाँच प्रतिशत सम्म कन्टेन्जेन्सी रकम तोक्न सक्नेछ ।

२.३ गाउँ कार्यपालिकाले तोकेको कन्टेन्जेन्सी रकम योजना सम्झौता फारममा उल्लेख गर्नुपर्नेछ ।

**३. कन्टेन्जेन्सी रकम खर्च :**

**३.१ कार्ययोजना वनाई खर्च गर्नुपर्ने :** एक आर्थिक वर्षको लागि छुट्टाइएको कन्टेन्जेन्सी रकम उपभोक्ता समितिले खर्च गर्ने तथा गाउँ कार्यपालिकाले खर्च गर्ने भनी विभिन्न खर्च शिर्षकमा वाँडफाँड योजना वनाई खर्च गर्नुपर्नेछ ।

**३.१ कन्टेन्जेन्सी रकमबाट विभिन्न शीर्षकमा खर्च गर्न सकिने :** १) योजनाको लागि तोकिएको कन्टेन्जेन्सी रकम मध्येबाट उपभोक्ता समितिबाट योजना व्यवस्थापनको लागि आवश्यक पर्ने कार्यहरु जस्तै वैठक खर्च, तालिम प्रशिक्षण तथा अन्तरक्रिया, मसलन्द सामान, स्टेशनरी, फिल्ड सुरपरभाइजर, फिल्ड सर्भे तथा स्टिमेट सम्वन्धी खर्च, गार्ड तथा हेरालु, सहयोगी, सवारी साधन

भाडा, अनुगमन तथा मूल्यांकन भत्ता, खाजाखाना आदि सम्वन्धी खर्च लगायत योजना सम्वन्धी चालु प्रकृतिका कार्यमा खर्च गर्न सकिनेछ ।

२) योजनाको लागि आवश्यक पर्ने सवारी साधन (साइकल, मोटरसाइकल, गाडी आदि), मेसिनरी औजार (ल्यापटप, जिपीएस, फिल्ड सर्भे तथा स्टिमेट सँग सम्वन्धीत सामान आदि) जस्ता पुँजीगत प्रकृतिको खरिद सम्वन्धी कार्यमा र पुँजीगत परामर्श (डिपीआर, आइए, इआए, मास्टर प्लान आदि) कार्यमा गाउँ कार्यपालिकाको निर्णयानुसार खर्च गर्न सकिनेछ ।

३) योजना अनुगमन तथा मूल्यांकन भत्ता रकम, सवारी साधन भाडा रकम, खाजाखान वापतको रकम तथा अन्य खर्च गाउँ कार्यपालिकाको निर्णय, सम्वन्धित पक्षसँग गरेको सम्झौता, खरिद तथा सेवा लिईएकोमा विल भरपाई बमोजिम हुनेछ ।

**३.२ रकम कुल जम्मा गरी खर्च गर्न सकिने** : १) योजनाको लागि छुट्ट्याइएको कन्टेन्जेन्सी रकमबाट तोकिएको शिर्षकमा खर्च गरी रकम बाँकी रहने भएमा त्यसरी बाँकी हुन आएको प्रत्येक योजनाको उक्त रकमहरुलाई कुल जम्मा गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाले पारित गर्ने योजना कार्यान्वयनको लागि सहयोग पुग्ने सवारी साधन, मेसिनरी औजार जस्ता ठूला प्रकृतिक पुँजीगत सामान खरिद, पुँजीगत परामर्श (डिपीआर, आइए, इआए, मास्टर प्लान आदि) कार्य गर्न सकिनेछ ।

२) एउटै वडा तथा पाहेक पर्ने क्षेत्रमा सञ्चालन हुने विभिन्न योजनाहरुको कन्टेन्जेन्सी रकम कुल जम्मा गरी एक भन्दा बढी योजनाको लागि हुने गरी समेत गाउँ कार्यपालिकाको निर्णयानुसार योजना सम्पन्न हुदाँसम्मको लागि सुपरभाइजर, फिल्ड कर्मचारी, सहयोगी लगायत कर्मचारी नियुक्त गर्न सकिनेछ ।

३) योजनाको लागि तोकिएको कन्टेन्जेन्सी रकम मध्येबाट आयोजनासँग सम्वन्धित सामान्य प्रकृतिका चालु खर्च बाहेका अन्य ठूला चालु प्रकृतिका कार्यमा खर्च गर्ने पर्ने भएमा उपभोक्ता समितिको माग अनुसार गाउँ कार्यपालिकाले निर्णय गरी खर्च गर्न सकिनेछ ।

**३.३ कन्टेन्जेन्सी रकमबाट योजनामा थप गर्न सकिने** : खर्च भई बाँकी हुन आएको योजनाको कन्टेन्जेन्सी रकमलाई कुल गरी सोही आर्थिक वर्षमा कार्यान्वयन भैरहेका तर रकम अभाव भएका तथा विपद्को कारण इस्टीमेट भन्दा बढी खर्च हुन पुगेका योजनाहरुमा गाउँ कार्यपालिकाको निर्णयानुसार कुल रकम बाँडफाँड गरी थप गर्न सकिनेछ ।

**३.४ वहुवर्षिय योजनाको कन्टेन्जेन्सी रकम खर्च** : बहुवर्षिय योजना भनी तोकिएका योजनाहरुको कन्टेन्जेन्सी रकमलाई योजना सम्पन्न हुदा सम्म प्रत्येक वर्ष हुने खर्चको योजना बनाई खर्च गर्नुपर्नेछ । खर्च हुन नसकि बाँकी रहेको सो रकम गाउँ कार्यपालिकाको निर्णयायनुसार अर्को वर्ष सारी खर्च गर्न सकिनेछ ।

**३.५ तोकिएको शिर्षकमा खर्च गर्नुपर्ने** : कन्टेन्जेन्सी रकमबाट खर्च गर्ने भनी यस कार्यविधिमा तोकिएको वा गाउँ कार्यपालिकाबाट तोकिएको सम्वन्धित शिर्षकमा खर्च गरी सोको विल भरपाई

गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरी भुक्तानी लिनुपर्नेछ । तोकिएबमोजिम वाहेक अन्यमा खर्च गरेमा सोको भुक्तानी हुने छैन । यदि भुक्तानी भई वेरुजु कायम भएमा खर्च गरी पेश गर्ने व्यक्ति वा उपभोक्ता समितिका पदाधिकारीबाटबाट असुल उपर गरिनेछ ।

४. **गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुने :** यस कार्यविधिमा उल्लेख नभएको तर आयोजनासँग सम्वन्ध राख्ने खर्च शिर्षक भएमा, धेरै मूल्यको सामाग्री खरिद, कर्मचारी नियुक्ति तथा सेवा परामर्श लिनुपर्ने भएमा तथा खर्च गर्ने सम्वन्धमा कुनै द्विविधा  वा विवाद भएमा सो सम्वन्धमा कन्टेन्जेसी रकम खर्च सम्वन्धी मर्म भित्र रही गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

५. **स्थानीय सञ्चित कोषमा रकम जम्मा हुने :** वहुवर्षिय रुपमा खर्च हुने भनी निर्णय गरिएको वहुवर्षिय योजनाको कन्टेन्जेन्सी रकम वाहेक अन्य योजनाको खर्च हुन नसकेको कन्टेन्जेन्सी रकम सोही आर्थिक वर्षको अन्त्यमा यस गाउँपालिकाको स्थानीय सञ्चित कोषमा हुनेछ । वहुवर्षिय योजनाका कन्टेन्जेन्सी रकम आयोजना सम्पन्न हुदा सम्म खर्च हुन नसकेमा यस गाउँपालिकाको स्थानीय संचित कोषमा जम्मा हुनेछ ।

६. **संशोधन तथा खारेज :** संघीय सरकार तथा प्रदेश सरकारले कन्टेन्जेन्सी रकम खर्च सम्वन्धमा वनाएको नीति, कानुन, निर्देशन भित्र रही यस गाउँपालिकाको आवश्यकता समेतको आधारमा यस कार्यविधिमा संशोधन, परिमार्जन तथा खारेजी हुनेछ ।